

# अध्याय - १

# पावल र एफिसीहरू

यस अध्यायका मूल पदहरू: प्रेरित १८:१८; प्रेरित १९:१३-२०:१; प्रेरित २०:१७-३८; एफिसी १:१,२; एफिसी ६:२१-२४; एफिसी ३:१३; एफिसी १:९,१०।



यस अध्यायको मूल सार पदः "सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।" एफिसी १:९-१०।

जब हामीले केही लेख्छौं, तब त्यस लेखको उद्देश्य हुन्छ। कहिलेकाहीं त्यो लेख अत्यन्तै महत्त्वपूर्ण हुन्छ। सन १८६१देखि १८६५मा अमेरिका गृहयुद्धको चपेटामा परेको थियो। सन १८६३मा अमेरिकाको गेटसबर्ग भन्ने ठाउँमा गृहयुद्ध हुँदा करिब ७००० सिपाहीँहरू मारिएका थिए। त्यस युद्धको भयानक विध्वंसप्रति भावुक भएर अमेरिकाको राष्ट्रपति अब्राहम लिङ्कनने प्रख्यात गेतसबर्ग सम्बोधन लेखेका थिए। त्यस सम्बोधनमा उनले अमेरिकाका संस्थापक पिताहरूको भूमिकालाई उल्लेख गरेका थिए। सन १७७६ मा सृजना भएको अमेरिका थामी राख्न यस गृहयुद्ध आखिरी परीक्षा हो र त्यस गृहयुद्धले यस पृथ्वीमा अमेरिकाको अस्तित्व

कि त रहिरहन्छ कि त नाश हुनेछ भनेर मार्मिक भाषण उनले गेटसबर्गमा दिएका थिए।

एफिसीको पुस्तक पावलले अत्यन्तै उल्लेखनीय उद्देश्यले प्रेरित भएर लेखेका थिए। त्यो पत्र लेख्दा उनी झ्यालखानामै थिए (एफिसी ३:१३, एफिसी ६:२०), त्यसबेला इसाईहरूलाई ठूलो सतावट आइरहेको थियो। एफिसीहरूले येशूमाथिको विश्वास त्याग्ने प्रलोभनमा परेका थिए र तिनीहरूका हृदयहरू निराश भएका थिए। जब एफिसीहरूले पहिला येशूलाई तिनीहरूको मुक्तिदाता भनेर विश्वास गरे र चर्चको भाग हुन पुगे तब तिनीहरूलाई के भएको थियो भनेर पावलले तिनीहरूलाई याद दिलाउँछ। तिनीहरू ख्रीष्टको शरीर भएका थिए (एफिसी १:१९-२३, ४:१-१६), तिनीहरू नै मन्दिरको निर्माण सामग्रीहरू भएका थिए (एफिसी २:१९-२२), तिनीहरू ख्रीष्टका दुलही हुन पुगेका थिए (एफिसी ५:२१-३३), र आस्थामा सुसज्जित फौज भएका थिए (एफिसी ६:१०-२०)। परमेश्वरको महान् योजना पूरा गर्न एफिसीहरूले ठूलो रणनीति खेल्नुपर्ने (एफिसी १:९,१०) र सबै थोक ख्रीष्टमा एक पार्ने तिनीहरूको भूमिका छ (एफिसी १:९,१०) भनेर पावलले जिकिर गरेका थिए। येशू ख्रीष्टका अनुयायीहरू हुने पहिचान र अवसरप्रति एफिसीका विश्वासीहरू जागून् भनेर पावलले पत्र लेखेका थिए।

## १. पावल, एफिसीमा सुसमाचार प्रचारक

**आफ्नो दोस्रो सुसमाचारीय यात्राको अन्त्यमा पावल एफिसीमा पहिलो पल्ट गएका थिए। त्यसबेला उनले के गरे? हेर्नुहोस्, "१८ यसपछि पावल धेरै दिनसम्म त्यहाँ बसे। तब भाइहरूसँग बिदा भई तिनी जहाजमा सिरिया गए। तिनीसँग प्रिस्किला र अकिलास पनि थिए। कुनै भाकलको करारमा तिनले किंक्रियामा आफ्नो कपाल खौरे। १९ तिनीहरू एफिससमा आइपुगे, अनि पावलले तिनीहरूलाई त्यहीं छोड़े, र आफूचाहिँ एउटा सभाघरमा पसेर यहूदीहरूसित बहस गर्न लागे। २० तब उनीहरूले तिनलाई अझ केही दिन बस्ने बिन्ती गर्दा तिनले इन्कार गरे। २१ उनीहरूसँग बिदा हुँदा तिनले भने, "परमेश्वरको इच्छा भए म फेरि तिमीहरूकहाँ फर्केर आउनेछु।" तब तिनी जहाजमा चढ़ी एफिससबाट गए।" प्रेरित १८:१८-२१।**

तत्कालिन रोमी साम्राज्यमा भएका ठूला सहरहरूमा एफिसी पनि एउटा थियो। त्यहाँको जनसंख्या करिब २५०००० थियो। रोमी साम्राज्यको सबभन्दा धनी क्षेत्रहरूको एउटा राजधानी थियो। यो एशिया महादेशको एक

क्षेत्र थियो। आजको एशिया माइनरका धेरै ठाउँहरू एफिससले ओगोटेका थिए। पौराणिक एफिसस सहर अहिलेको टर्कीको पश्चिमतिर छ। पावलको समयमा यो क्षेत्र अत्यन्तै समृद्धिमा बढिरहेको थियो। यो सहर समुद्रको बन्दरगाहमा थियो। विभिन्न भूमि मार्गहरू त्यहाँ मिल्ने भएकोले व्यापारिक दृष्टिकोणले धेरै महत्त्वपूर्ण थियो। त्यहाँका मानिसहरू सुसम्पन्न थिए। त्यस सहरका मानिसहरूले धेरै देवीदेवताहरूलाई पूजा गर्दथे। ती देवीदेवताहरूमा आर्तिमिस देवी सर्वोच्च थिइन् र उनी सहरलाई रक्षा गर्ने देवीको रूपमा मानिसहरूले पूजा गर्दथे। एफिसीमा हुने सबै सार्वजनिक कार्यक्रम, खेलहरू र वार्षिक समारोहहरू त्यही देवीलाई केन्द्रविन्दु मानेर मनाइन्थे। (रोमीहरूले आर्टिमिस देवीलाई डायना भनेर सम्बोधन गर्दथे; प्रेरित १९:२४,३५)।

तेस्रो सुसमाचारीय यात्रामा पावल एफिससमा फर्केका थिए (प्रेरित १९:१-१२), र उनी त्यहाँ तीन वर्ष समय बिताएका थिए (प्रेरित २०:३१)। इसाई आस्थाको जग बलियो बनाउने अभिप्रायले पावलले महत्त्वपूर्ण समय एफिससमा बिताएका थिए।

**के अनौठो घट्ना भयो जसले गर्दा एफिससमा प्रभु येशूप्रति श्रद्धा व्यापकरुपमा बढेको थियो? हेर्नुहोस्, "१३ तर कुनै-कुनै यताउता घुमफिर गर्ने यहूदी झारफूके, तन्त्रमन्त्र गर्ने तान्त्रिकहरूले भूतात्मा लागेकाहरूलाई प्रभु येशूको नाउँ उच्चारण गर्दै यसो भने, "पावलले प्रचार गरेका येशूद्वारा म तँलाई आज्ञा गर्दछु।" १४ त्यहाँ एक जना स्केवास नाउँ भएको यहूदी प्रधान पूजाहारीका सात जना छोराहरूले यसो गर्थे। १५ तब भूतात्माले जवाफ दिएर तिनीहरूलाई भन्यो, "येशूलाई म चिन्छु, र पावललाई पनि म चिन्छु, तर तिमीहरूचाहिँ को हौ?" १६ त्यो भूतात्मा भएको मानिस तिनीहरूमाथि उफ्रँदै आयो, र तिनीहरू सबैलाई वशमा पारेर तिनीहरूलाई पछार्‍यो र तिनीहरू त्यस घरबाट नाङ्गो र घाइते भएर भागे।**

**१७ यो कुरा एफिसस-निवासी, यहूदी र ग्रीकहरूमा जाहेर भयो। अनि तिनीहरू सबैमाथि डर छायो, र प्रभु येशूको नाउँको प्रशंसा भयो। १८ विश्वास गरेकाहरू धेरै जना आए, र तिनीहरूले गरेका आफ्ना-आफ्ना दुष्ट कामहरूको स्वीकार गरे र ती प्रकट गरे। १९ तिनीहरूमध्ये धेरै जना, जस-जसले टुनामुना गर्थे, आफ्ना-आफ्ना पुस्तकहरू बटुलेर ल्याए, र सबैका सामुन्ने जलाइदिए। तिनीहरूले तिनको मोल गर्दा पचास हजार चाँदीका सिक्काको हिसाब लाग्यो। २० यसरी प्रभुको वचन फैलँदैगयो, र प्रभावशाली भयो।" प्रेरित १९:१३-२०।**

सहरमा झारफुक, तन्त्रमन्त्र वा तान्त्रिक वा झाँक्री काम गरि घुमफिर गर्ने सात जना यहूदीहरूको बारेमा अनौठो कथा लुकाले बताउँछन्। तिनीहरूले भूत धपाउन वा दुष्ट आत्माहरू धपाउन येशू र पावलको नाउँ मिसाएर फू मन्त्र गरेका थिए। तर त्यो तिनीहरूको निम्ति अभिशाप भएको थियो। दुष्ट आत्मा लागेकै मानिस अत्यन्तै क्रोधित भएर जागेर ती तान्त्रिकहरूलाई नाङ्गोझार गरेर धपाएका थिए। जब यो समाचार एफिसस सहरको कुना कुनामा फैलियो तब "तिनीहरू सबैमाथि डर छायो, र प्रभु येशूको नाउँको प्रशंसा भयो।" प्रेरित १९:१७। त्यस घट्नाले गर्दा कतिपय मानिसहरू येशूलाई विश्वास गर्न पुगेका थिए। तिनीहरूले आफ्ना घरहरूमा भएका टुनामुना गर्ने, जादु गर्ने तथा तन्त्रमन्त्र सिकाउने दामी पुस्तकहरू सार्वजनिकरूपमा जलाइ दिए। ती महँगो पुस्तकहरूको मोल पचास हजार चाँदीका सिक्काहरू थियो (प्रेरित १९:१९)। (अहिलेको भाउमा त्यो ४-५ मिलियन डलर वा पचास लाख डलर थियो अर्थात् करिब पचास करोड रूपैंया)। एफिससका बासिन्दाहरूमा यो सन्देश फैलियो कि येशूको आराधनामा अरू कुनै देवीदेवताहरूको नाउँ मिसाएर प्रदुषित पार्नु हुन्न।

**अत्यन्तै महँगो पर्ने पुस्तकहरू जलाएको अर्थ के हो? प्रभुप्रति पूरै समर्पित हुनुपर्छ भनेर त्यसले कसरी बताउँछ?**

## २. रङ्गशालामा दङ्गा

**प्रेरित १९:२१-२०:१ पढेर त्यसबाट हामीले के पाठ सिक्न सक्दछौं? हेर्नुहोस्, "२१ यी घटनाहरूपछि, पवित्र आत्माको प्रेरणामा पावलले अखैयाको बाटो भएर यरूशलेम जाने निर्णय गरे। तिनले भने, "त्यहाँ पुगेपछि म रोम जानैपर्छ" २२ तिनका सेवा गर्नेहरू दुई जना, तिमोथी र इरास्तसलाई तिनले माकेडोनियामा पठाए, तर तिनी आफैंचाहिँ केही दिन एशियामै बसे।**

**२३ त्यही बेलातिर यस मार्गको (वा येशूको) विषयमा खूबै हलचल मच्चियो। २४ किनभने डेमेत्रियस नाउँ भएको एक जना चाँदीको शिल्पकारले आर्तेमिस देवीका चाँदीका स-साना मन्दिरहरू बनाएर कारीगरहरूलाई धेरै काम दिलाउँथ्यो। २५ तब यिनीहरूलाई र अरू यस्तै पेशा भएकाहरूलाई त्यसले जम्मा गरेर भन्यो, "भाइ हो, तिमीहरूलाई थाहै छ, कि यही व्यापारबाट हामीलाई राम्रो आम्दानी हुन्छ। २६ तिमीहरू देखिरहेछौ र सुनिरहेछौ, कि एफिससमा मात्र होइन, तर प्रायः समस्त एशियामा हातले बनाएका देवदेवताचाहिँ केही होइन भनी पावलले धेरै मानिसहरूका समूहलाई फुस्लाएर बहकाई लगेको छ। २७**

यसकारण हाम्रो व्यापारको प्रतिष्ठा नाश हुने मात्र होइन तर महान् देवी आर्तेमिसको मन्दिरसमेत बेकम्मा हुनेछ, र सारा एशिया र संसारले मानिआएको देवी आफ्नो गौरवबाट पतित हुनेछिन्।" २८ यो सुनेर तिनीहरू रीसले चूर भए, र "एफिसीहरूकी आर्तेमिस महान् हुन्।" भनी चिच्च्याउन लागे। २९ सारा सहरमा होहल्ला मच्चियो र तिनीहरू एक जुट भएर पावलका सहयात्री माकेडोनियावासी गायस र अरिस्तार्खसलाई समातेर रङ्गशालाभित्र घिस्स्याउँदै लगे। ३० पावल मानिसहरूको भीड़मा जान चाहे, तर चेलाहरूले तिनलाई जान दिएनन्। ३१ एशियाका कतिपय प्रमुख मानिसहरू पावलका मित्र थिए। तिनीहरूले पावललाई रङ्गशालाभित्र नजानुहोस् भनी बिन्ती गरी पठाए। ३२ तब तिनीहरू भिन्नाभिन्नै कुरा गर्दै चिच्च्याउन लागे। किनकि त्यो भीड़मा होहल्ला मच्चिएको थियो, र धेरैजसो मानिसहरूले त तिनीहरू किन जम्मा भएका हुन् सो पनि जानेका थिएनन्। ३३ भीड़का कति मानिसहरूले अलेक्जेन्डरलाई अगि सारे, जसलाई यहूदीहरूले खड़ा गरेका थिए। अलेक्जेन्डरले हातले इशारा गरेर मानिसहरूका सामुन्ने बचाउको निम्ति केही भन्ने इच्छा व्यक्त गरे। ३४ तर तिनीहरूले त्यो त यहूदी रहेछ भन्ने थाहा पाएर सबै जनाले एक सोरले करीब दुई घण्टा जति "एफिसीहरूकी आर्तेमिस महान् हुन्" भन्दै कराए। ३५ नगरका हाकिमले मानिसहरूलाई शान्त पारेपछि भने, "एफिससका मानिस हो, एफिसीहरूको सहरचाहिँ महान् आर्तेमिसको मन्दिर र आकाशबाट खसेको उसको मूर्तिको रक्षक हो भन्ने कुरा कसलाई थाहा छैन र? ३६ तपाईंहरू जान्नुहुन्छ यो कुरा अकाट्य छ, यसकारण तपाईंहरू शान्त हुनुपर्छ र कुनै उत्ताउलो काम गर्नुहुँदैन। ३७ किनभने तपाईंहरूले ल्याउनुभएका यी मानिसहरूले मन्दिर लुटेका छैनन् र हाम्री देवीको अपमान पनि गरेका छैनन्। ३८ यसकारण यदि डेमेत्रियस र तिनीसँग हुने कारीगरहरूको कसैको विरुद्धमा केही उजूर भए अदालतहरू खुला छँदैछन्, र न्यायाधीशहरू पनि छँदैछन्, तिनीहरू एक-अर्काको विरुद्ध मुद्दा लड़ून्। ३९ तर यसबाहेक अरू नै विषय उठाउन चाहनुहुन्छ भनेता त्यसको फैसला नियमित सभामा हुनेछ, ४० किनकि आजको यस हूलदङ्गाको दोष हामीमाथि लाग्ने खतरा छ। किनभने यो कारणैविनाको दङ्गाफसादको केही स्पष्टीकरण हामी दिन सक्नेछैनौं।" ४१ यति भनेर तिनले सभालाई विसर्जन गरे। "यो खैलाबैला थामिएपछि पावलले चेलाहरूलाई डाकिपठाए, र तिनीहरूलाई अर्ती दिए, र तिनीहरूसँग बिदा भई माकेडोनियातर्फ लागे।"

धनाढ्य र सम्पन्न एफिससमा पावलको गवाही प्रभावकारी थियो। त्यहाँ धेरै मानिसहरूले येशूलाई विश्वास गर्न पुगेका थिए। उनका कदमले सहरको

आर्थिक क्रियाकलापमा नै धक्का भएको थियो। त्यस सहरमा आर्तिमिस देवीको भव्य मन्दिर थियो। त्यस मन्दिरलाई केन्द्रविन्दु बनाएर धेरै पर्यटकहरू आउँथे। पर्यटक वा त्यस मन्दिरमा दर्शन गर्न आउने तिर्थयात्रीहरूले सहरको आयमा ठूलो टेवा हुन्थ्यो। यो मन्दिरको भाग १२७वटा खम्बाहरू थिए। ती खम्बाहरूको उचाइ ६० फिट थियो। सेतो र चिप्लो परिरियन सिंहमर्मरका खम्बाहरू थिए। मूर्तिकलाहरूमा प्रयोग गर्ने त्यो पत्थर धेरै महँगो थियो। सैतिंसवटा खम्बाहरू सिंहमर्मरका थिए र तिनीहरूलाई सुनले ढाकेको थियो। पौराणिक संसारका सात वटा आश्चर्यहरूमा यो पनि एक आश्चर्य मन्दिर भनेर प्रख्यात थियो।

हातले बनाएका देवीदेवताहरू परमेश्वर होइन भन्ने पावलको प्रचारले एफिससमा रहेको देवीको मन्दिरको आय आर्जनमा धक्का भएको थियो (प्रेरित १९:२७)। डेमेत्रियस भन्ने चाँदीको शिल्पकारले आफ्ना केही कारीगरहरूलाई उचाले। अनि पावल र अरू चेलाहरूको बिरुद्धमा बजारमा दङ्गा मचाएर मानिसहरूलाई रङ्गशालामा जम्मा गराए। त्यस रङ्गशालामा करिब २५००० मानिसहरू बस्ने ठाउँ थियो। त्यहाँ हुललाई जम्मा गरेर " “एफिसीहरूकी आर्तेमिस महान् हुन्” भन्दै कराए।" प्रेरित १९:३४। करिब दुई घन्टासम्म त्यहाँ भिंडले त्यही भनेर होहल्ला मचाएको थियो। केही समयपछि नगरका हाकिमले त्यस भिंडलाई सम्झाएर सामसुम पारे। त्यसपछि पावलले विश्वासीहरूसँग भेटघाट गरेर एफिसस सहर छोड्छन्।

**आफ्तो तेस्रो सुसमाचारीय यात्राको अन्तमा पावलले एफिसी चर्चका एल्डर अर्थात् अगुवाहरूलाई भेटेर आफ्नो चिन्ता व्यक्त गरेका थिए। पावलको त्यस चिन्तालाई तपाईंले कसरी संक्षेप्तमा वर्णन गर्नुहुन्छ? हेर्नुहोस्, "१७ तिनले मिलेटसबाट एफिससमा मानिस पठाएर मण्डलीका एल्डरहरूलाई बोलाइपठाए। १८ जब उनीहरू तिनीकहाँ आए तिनले उनीहरूलाई भने, “एशियामा पाइला टेकेको पहिलो दिनदेखि नै मैले समस्त समय तपाईंहरूका बीचमा कुन किसिमले बिताएँ सो तपाईंहरू जान्नुहुन्छ। १९ पूर्ण नम्रतामा आँसु बगाउँदै, यहूदी षड्यन्त्रको परीक्षामा पनि मैले प्रभुको सेवा गरें। २० तपाईंहरूको लाभ हुने कुरा तपाईंहरूका सामुन्ने घोषणा गर्नदेखि र घर-घरमा सबैका सामुन्ने तपाईंहरूलाई शिक्षा दिनदेखि म पछि हटिनँ। २१ यहूदीहरूलाई र ग्रीकहरूलाई पश्चात्ताप गरेर परमेश्वरपट्टि फर्कनू र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास राख्नू भन्ने कुराको गवाही मैले दिएको छु। २२ “अब हेर्नुहोस्, म पवित्र आत्मामा बाध्य भएर यरूशलेमतिर जाँदैछु, त्यहाँ मलाई के-कसो परिआउने हो सो म**

केही जान्दिनँ। २३ यति मात्र जान्दछु, कि हरेक सहरमा कैद र कष्ट ममाथि परिआउँछ भन्ने पवित्र आत्माले मलाई गवाही दिनुहुन्छ। २४ तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिनँ। यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकूँ। २५ "अब हेर्नुहोस्, म जान्दछु कि तपाईंहरूमध्ये सबै, जस-जसलाई मैले राज्यको प्रचार गर्दै हिँड़े, तपाईंहरूले मेरो मुख फेरि कहिल्यै देख्नुहुनेछैन। २६ यसैकारण आजको दिन म तपाईंहरूलाई गवाही दिँदछु, कि म कसैको रगतको दोषी हुनेछैनँ। २७ किनभने परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ। २८ तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस्। २९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें। ३२ "अब म तपाईंहरूलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ़ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ। ३३ मैले कुनै मानिसको सुन, चाँदी, कि वस्त्रको लोभ गरिनँ। ३४ तपाईंहरू आफै जान्नुहुन्छ कि मेरा यिनै हातले मेरो आफ्नै र मेरा साथमा भएकाहरूको आवश्यकतालाई पूरा गरेका छन्। ३५ मैले सबै कुरामा तपाईंहरूलाई उदाहरण दिएको छु, कि तपाईंहरूले पनि यसरी नै कड़ा परिश्रम गरेर निर्धाहरूलाई मदत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि 'लिनुभन्दा दिनु अझ धन्य हो।" ३६ यति भनेर तिनले घुँड़ा टेके र उनीहरू सबैका साथमा प्रार्थना गरे। ३७ उनीहरू सबै रोए, र पावललाई अँगालो हालेर चुम्बन गरे। ३८ उनीहरूले फेरि कहिल्यै तिनको मुख देख्नेछैनन् भनी पावलले भनेका कुरामा तिनीहरूले ज्यादै शोक गरे। अनि उनीहरूले तिनलाई जहाजमा पुऱ्याए।" प्रेरित २०:१७-३८।

**एफिसीसँग पावलको सम्बन्धको अस्थायी क्रम यस्तो छ:**

अ. सन ५२: पावलले एफिसीमा छोटो समयको निम्ति यात्रा गर्छन् (प्रेरित १८:१८-२१)।

आ. आ सन ५३-५६: पावल एफिससमा तीन वर्ष सेवाकार्य गर्छन् (प्रेरित १९:१-२०:१)। उनको त्यहाँको बसाइको अन्तमा १ कोरन्थी पत्र लेख्छन् (१ कोरन्थी १६:५-९)।

इ. इ सन ५७: मिलिटसमा पावलले एफिसीका एल्डरहरूसँग भेटघाट गर्छन् (प्रेरित २०:१७-३८)।

ई. ई सन ६२: सायद रोमको झ्यालखानामा हुँदा पावलले एफिसीहरूलाई पत्र लेख्छन्।

**"किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू (इसाई भनाउँदाहरू नै) तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें।" प्रेरित २०:२९-३१। आजको हाम्रै चर्चमा पनि त्यही खालको चेतावनी पावलले दिन सक्छन् होला, होइन त, र किन?**

## ३. एफिसीहरूलाई लेखेको पत्र सुनाउनु

महानगरी एफिससमा धेरै घरेलु चर्चहरू थिए। ती घरेलु चर्चका सबै विश्वासीहरूलाई सुनाउन पावलको एफिसीहरूको पत्र लेखेका थिए। जब पावल सुसमाचारीय यात्रामा लागिरहेको समयमा एफिसीमा इसाईहरू बढेका थिए। घरेलु चर्चहरू थुप्रो भएका थिए। एफिसीको घरेलु चर्चको संस्थापक पावलको प्रतिनिधित्व गरेर आएको टिकिटसले हरेक घरेलु चर्चमा गएर पत्र सुनाउँदा श्रोताहरूको निम्ति उल्लेखनीय अवसर थियो। एफिसी ५:२१-६:९ अनुसार घरेलु चर्चमा घरका परिवारका सदस्यहरू हुन्थे। तिनीहरूमा बाबु, आमा, छोराछोरीहरू र दास वा नोकर चाकरहरू थिए। यदि त्यो घर व्यापारीको घर थियो भने त्यस घरले सम्हालेका अरू मानिसहरू र उपभोक्ताहरू पनि हुन्थे। त्यसकारण घरेलु चर्चमा तिनीहरू पनि संलग्न हुन सक्थे।

तल दिएको रूपरेखा अनुसार एफिसीको पत्र पूरै पढ्नुहोस्। सबै जना मिलेर पढ्दा केवल १५ मिनेटमा लाग्न सक्छ। त्यस पूरे पत्रमा कुन विषयबस्तुहरू घन्केको पाइन्छ?

क. पत्रको सुरुवात अभिवादनबाट (एफिसी १:१,२)
ख. परिचयात्मक आशिष (एफिसी १:३-१४)
ग. ख्रीष्ट केन्द्रित बुद्धिज्ञान विश्वासीहरूलाई पाउन् भनेर प्रार्थना (एफिसी १:१५-२३)
घ. एक फेरा आत्मिकरूपमा मुर्दा भएका; अब ख्रीष्टसँग बिउँतिएका वा उचलिएका (एफिसी २:१-१०)
ङ. यहूदीहरू र अयहूदी वा अन्यजातिहरूबाट ख्रीष्टले सृजना गर्नुभएको चर्च (एफिसी २:११-२२)
च. अन्यजाति वा अयहूदीहरूलाई सुसमाचार सुनाउने पावल (एफिसी ३:१-१३)
छ. विश्वासीहरू ख्रीष्टको प्रेमको अनुभव गरुन् र त्यही प्रेमले सजिउन् भनेर प्रार्थना (एफिसी ३:१४-२१)
ज. पवित्र आत्माले प्रेरित गरिएको एकता चर्चले पक्रेर राखुन् (एफिसी ४:१-१६)
झ. एकताको जीवनलाई पोषाएर नयाँ जीवन व्यतित (एफिसी ४:१७-३२)
ञ. प्रेममा, ज्योतिमा र ज्ञानबुद्धिमा हिँडिरहनु (एफिसी ५:१-२०)
त. इसाई घरपरिवारमा ख्रीष्टको ढाँचामा मोढेको जीवन व्यवाहारमा उतार्नु (एफिसी ६:१०-२०)
थ. परमेश्वरको फौज भएर चर्चका सबै सदस्यहरू सँगसँगै उभिनु (एफिसी ६:१०-२०)
द. पत्रको समापनमा अभिवादन

त्यस पत्रमा के मूख्य विषयबस्तु उनिएको देखिन्छ? यसले तपाईंलाई के भनिरहेको छ? तपाईंको हृदयमा कुन विशेष बस्तुले छोएको छ?

## ४. तत्कालिन समयको निम्ति एफिसीहरूको पत्र

एफिससका विश्वासीहरूलाई लेखेको पत्रमा पावलले कसरी सुरु गर्छन् र त्यसको अन्त्य गर्छन्? विश्वासीहरूप्रति उनको गहिरो चाहनाहरूको बारेमा हामी के सिक्दछौं? हेर्नुहोस्, एफिसी १:१,२ "परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरूलाईः

**हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।" र एफिसी ६:२१-२४ "म कस्तो छु र के गरिरहेछु, ती तिमीहरूलाई पनि थाहा होस् भनेर प्रिय भाइ र प्रभुमा विश्वासी सेवक तुखिकसले सबै कुरा तिमीहरूलाई बताउनेछन्। हाम्रो हालचाल कस्तो छ तिमीहरूलाई थाहा होस् र तिमीहरूका हृदयलाई प्रोत्साहन मिलोस् भन्ने विचारले मैले तिनलाई तिमीहरूकहाँ पठाएको हुँ। परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट दाजुभाइहरूलाई शान्ति र विश्वाससहितको प्रेम! हाम्रा प्रभु येशू ख्रीष्टलाई अमर प्रेम गर्नेहरू सबैसँग अनुग्रह रहोस्।"**

पत्रकै सुरुमा पत्रका लेखक आफू पावलनै भएको पहिचान गराउँछन् (एफिसी १:१)। पछि गएर पत्रको बीचमा पावल आफैले नाउँ किटान गरेर आफू को हो भनेर यसरी चिनारी गराउँछन्, "यसैकारण म पावल, तिमी अन्यजातिहरूका पक्षमा ख्रीष्ट येशूको कैदी।"एफिसी ३:१। आफू प्रेरित भएकोले (एफिसी ३:१-१३) आफ्नो व्यक्तिगत जिम्मेवारीलाई पहिल्याउँदै आफू येशूको कैदी भनेर ठम्याउँछन्। पत्रको अन्त्यतिर पावलले आफ्नो कारावासलाई औंल्याउँछन् (एफिसी ६:२१,२२) र व्यक्तिगत मनतव्य व्यक्त गर्दै पत्रलाई समाप्त गर्दछन् (एफिसी ६:२१,२२)। कतिपय विद्वानहरूले यो पत्र पावलले लेखेको होइन भनेर विवाद गर्छन्, तैपनि पत्र आफैमा पावल यसको लेखक हो भनेर स्पष्टसँग दावी गरेको स्वीकार गर्नु जरुरी छ। सबै इसाई भनाउँदाहरूले स्वीकार नगरेतापनि प्रायजसो सबै इसाईहरूले स्वीकार्दछन्। पावल नै यसको लेखक छ भन्ने कुरामा कुनै विवाद छैन।

**आफूलाई झ्यालखानमा राखेकोले एफिससका विश्वासीहरूलाई कस्तो नकारात्मक प्रभाव परेको छ होला भनेर पावलले कसरी व्यक्त गर्दछन्? हेर्नुहोस्, "यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्।" एफिसी ३:१३।**

झ्यालखानाबाट लेखेका अरू पत्रहरू जस्तै कलस्सीहरू (कलस्सी ४:७,८) र फिलमेनको समय र परिस्थितिहरू एफिसीको मामिलामा पनि झण्डै एउटै देखिन्छ। पावलले एफिससमा सेवाकार्य गरेको धेरै समय बितेको परिप्रेक्ष्यमा (एफिसी १:१५; एफिसी ३:१,२), सन ६२तिर पावलले रोमको झ्यालखानाबाट एफिसीहरूलाई पत्र लेखेको हुनुपर्दछ।

एफिससमा रहेका विश्वासीहरूलाई पावलले केही वास्तविक परिस्थितिहरूको बारेमा लेखेका थिए। एफिसीहरूले बुझोस् भनेर पावलले

खिचेको ध्यानको दायरा विशाल छ। उनका समयको दायरा महान् छ। मानिसलाई मुक्ति दिने निर्णय संसारको जग बसाल्नु वा सृष्टि गर्नुभन्दा अघि नै परमेश्वरले गर्नुभएको थियो भनेर उनले बताउँछन् (एफिसी १:४)। ख्रीष्टबाट उपलब्ध गराइएको परमेश्वरको मुक्तिको महान् विषयबस्तुहरू फराकिलो ढङ्गले उनले चिन्तन गर्छन्। परमेश्वरको महान् लक्ष्यलाई वर्णन गर्न पावलले आफ्नो पत्र अत्यन्तै उच्च कोटीको शैली प्रयोग गर्छन्। उनको लेखमा साहित्यिक छाँटकाँट छ, लामो वाक्यहरू छन्, कतिपय व्यक्त गरेका भावनाहरू दोहोऱ्याएका छन्, र उनले सत्यलाई बुझाउन बिभिन्न प्रतिकहरु प्रयोग गर्छन्। यस किसिमको लेखन शैली पावलले अन्त पनि प्रयोग गरेका छन् (उदाहरणमा रोमी ८:३१-३९)। तर स्तुतिप्रशंसा, प्रार्थना र आराधनाका विषयबस्तुहरूले (एफिसी १:३-१४, एफिसी १:१६-२३, एफिसी ३:१४-२१) एफिसीको पुस्तकमा धेरै ओगोटेको छ। धेरै उच्च अलङ्कारिक, रोचक वा बुझाउने भाषाहरू प्रयोग गरेर परिच्छेदहरू होशियारसाथ कुँदिएको पाइन्छ (एफिसी ४:१-१६, एफिसी ५:२१-३३, एफिसी ६:१०-२०)।

## ५. एफिसीहरूलाईः येशू ख्रीष्टले खाँदिएको पत्र

पावलले आफ्नो पत्रको मूख्य विषयबस्तु के हो भनेर कसरी जनाउँछन्? हेर्नुहोस्, एफिसी १:९,१० **"किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।"**

एफिसीहरूलाई लेखेको पत्रको सन्देशलाई कसरी संक्षेप्तमा वाख्या गर्ने? झ्यालखानकै काल कोठरीबाट पावलले परमेश्वरको ख्रीष्टमा केन्द्रित भएको योजनाको परिकल्पना अघि सार्दछन्। समय पूरा भएपछि त्यो योजना सम्पन्न भएको र त्यसमा चर्चको भूमिका के छ भनेर पावलले बुझाउन खोज्दछन्। ख्रीष्टद्वारा परमेश्वरले के योजना सुरु गर्न अग्रसर हुनुभयो? हेर्नुहोस्, "समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन।" एफिसी १:१०। जब उहाँले चर्चको सृजना गर्नुभयो तब दुवै यहूदी र अन्यजातिहरू सम्मिलित भएको एक नयाँ मानवता थलो भएको थियो (एफिसी २:१४)। परमेश्वरको योजनामुताविक काम गर्न विश्वासीहरूलाई आह्वान गरिएको छ। विश्वासीहरूकै जीवनबाट सैतान र

खराब तत्वहरूको शक्ति परमेश्वरले खतम गर्नु हुनेछ भनेर (एफिसी ३:१०) देखाउन अपेक्षा गरिएको छ।

एफिसी १:९,१०ले ख्रीष्टमा केन्द्रित एकता हुने कुरो परमेश्वरको दिमाग भएको घोषणा गरेको छ। त्यसकारण एफिसीहरूलाई लेखेको पत्र ख्रीष्टको बारेमा खचाखच भरिएको कुरा थाहा पाउँदा हामी अचम्म मान्नुपर्दैन। ख्रीष्टमा परमेश्वरले गर्नुभएको क्रियाकलापप्रति गरेको प्रशंसा यस पत्रमा जताततै फैलिएको छ। ख्रीष्टमा भएको आत्मिक स्रोतहरू विश्वासीहरूलाई उपलब्ध गराइएकोमा खुशी हुनुपर्छ भनेर आफ्नो मनशाय पावलले व्यक्त गर्दछन्। "ख्रीष्टमा" र यस्तै खालका वाक्यांश पावलले एफिसीको पुस्तकमा तीस पल्ट प्रयोग गरेका छन्। जब एफिसीको पत्र पढ्छौं तब जताततै छरिएको त्यस वाक्यांशमा ध्यान दिन जरुरी छ। यही वाक्यांशलाई प्रयोग गरेर पावलले येशूका गरिमालाई केन्द्रित गरेका छन्।

एफिससका विश्वासीहरू चर्चको भाग हुन् भन्ने आत्मज्ञान जागोस् र त्यसप्रति समर्पित होस् भनेर पावलले जिकिर गर्न खोज्दछन्। सबै थोक ख्रीष्टको अधिनमा राख्ने र एक सूत्रमा राख्ने योजना परमेश्वरको मुटु हो भनेर प्रत्येक विश्वासीले महसुस गर्नुपर्छ भन्ने उनको चाहना हो। जब उनले "चर्च" भन्ने शब्द प्रयोग गर्छन्, जुन ग्रिक भाषामा एक्लिसिया ekklesia हो, तब यो विश्वव्यापी विश्वासीहरूको समूह हो, केवल स्थानीय विश्वासीहरूको चर्च समूहमात्र होइन।

चर्चको मूख्य रणनीतिको बारेमा बुझाउन पावलले चर्च के हो भनेर प्रभावशाली चार प्रतिकहरू प्रयोग गर्छन्। ती प्रत्येक प्रतिक येशूका परमभक्तहरूले दिमागमा घुसाइ राख्नु जरुरी छ र ती प्रतिकहरूलाई व्यक्तिगतरूपमा आत्मसात् गरेर राख्दा चर्चको एकतालाई बलियो बनाइ राख्दछ। यहाँ ती प्रतिकहरूलाई केही विस्तृतरूपमा प्रस्तुत गरिएको छः

अ. चर्च शरीरको प्रतिक हो (एफिसी १:२२,२३; एफिसी २:१६; एफिसी ३:६; एफिसी ४:१-१६,२५; एफिसी ५:२३,२९,३०)।

आ. चर्च भवन वा मन्दिरको प्रतिक हो (एफिसी २:१९-२२)।

इ. चर्च दुलहीको प्रतिक हो (एफिसी ५:२२-२७)।

ई. चर्च फौजको प्रतिक हो (एफिसी ६:१०-२०)।

ती सबै प्रतिकहरूले उहाँको चर्च के हो, त्यसको लक्ष्य के हो र कुन अभिप्रायले परमेश्वरले स्थापना गर्नुभएको हो भनेर आफ्नै विशेषताले प्रकट गर्दछ।

**तपाईं सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको एक भाग हुनुहुन्छ। विभिन्न राष्ट्र, विभिन्न भाषाभाषीहरू, विभिन्न जात जातिहरू र विभिन्न संस्कृति र रहनसहनहरू मिलेर बनेको समूह चर्च हो (प्रकाश १४:६,७)। येशूमा सम्पूर्ण मानव प्राणीमा एक सूत्रमा बाँध्ने परमेश्वरको योजना चर्चबाट पूरा भएको छ (एफिसी १:९,१०)। परमेश्वरको त्यस महान् योजनमा सहभागी भएर हामी कसरी एक भएर अघि बढ्न सक्छौं?**

## उपसंहारः

**थप जानकारीः** तन्त्रमन्त्र गर्ने वा झाँक्रिहरूले येशू र पावलको नाउँलाई दुरुपयोग गरेको कथा प्रभावकारी छ (प्रेरित १९:१३-२०)। एफिससमा परमेश्वरको शक्तिले कस्तो काम गरेको थियो भनेर बुझाउन पावलले प्रयोग गरेको भाषा शैली एफिसीहरूलाई लेखेको पत्रमा उल्लेखनीय छ । नयाँ विश्वासीहरूले येशूको सार्वभौमसत्ताप्रति प्रभावित भएर धेरै दुर्लभ र महँगो कितावहरू सार्वजनिक स्थलमा जलाएका थिए। ती किताबहरू जादु, इन्द्रजाल, तन्त्रमन्त्र तथा तान्त्रिक मान्युयल वा हातेपुस्तकहरू थिए। पुरातत्व विदहरूले त्यही खालका विद्याहरू लेखिएको २५० पापिरी वा हस्तलेखहरू भेट्टाएका थिए। ती हस्तलेखहरूमा तन्त्रमन्त्र, भूत जगाउने, विभिन्न फर्मुला वा नियमहरू, अरूहरूलाई विगार्ने मन्त्रहरू, श्रापहरू आदि लेखिएका छन् । तिनीहरू जादुका पुस्तकहरू जस्तै हुनुपर्दछ। ती किताबहरूमा देवीदेवताहरूलाई कसरी जगाउने र दुष्ट आत्माको शक्तिले जसलाई मन लाग्यो त्यसलाई मन्त्र गरेर नियन्त्रमा राख्ने जस्ता विधिहरू थिए।

जब एफिससका मानिसहरूले ती पुस्तकहरूलाई जलाए त्यसको मोल ५०००० चाँदीका सिक्काहरू थिए। अमेरिकामा त्यो ५०००० दिनको तलब थियो । दिनको ८० डलरको तलबलाई जम्मा गर्दा चालिस लाख डलर जति हुन्छ । ती मानिसहरूको दैनिक जीवनमा ती तन्त्रमन्त्रका पुस्तकहरू कतिको केन्द्रविन्दु रहेछ भनेर देखाउँछ।"आत्मिक शक्तिलाई आफ्नो नियन्त्रणमा लिन परम्परा अनुसार अनेकौं तन्त्रमन्त्र, फूमन्त्र, तान्त्रिक विद्या, झाँक्री विद्या आदि र अनेक किसिमका बस्तुहरू प्रयोग गर्दथे। ती सबै प्रयोग गर्न गलत छ र त्यस संस्कारप्रति पूर्णरूपमा पश्चाताप गर्नुपर्छ भनेर पर्याप्तमात्रामा मानिसहरूलाई चित्तबुझाउन सर्वोच्च परमेश्वरले हस्तक्षेप गर्नुभएको थियो।"-

क्लिन्टन इ. आर्नोल्ड, *एफिसिरायनस्,* ग्रान्ड रापिडस्, मिशिगनः जोन्डरभन, २०१०, पृ. ३४।

हामीलाई थाहा छ कि एफिसीहरूको पत्र ती विश्वासीहरूको निम्ति लेखिएको थियो कि अदृश्य शक्तिहरूको बिगिबिगिसँग तिनीहरू कसरी सामना गरिरहनु आवश्यक छ भनेर सिकोस। क्लिन्टन इ आर्नोल्ड, *पावर एण्ड माजिकः द कन्सेप्ट अभ पावर इन एफिसियन्स,* ग्रान्ड रापिडस्, मिशिगनः बेकर, १९९२, पृ. १६५। एफिसीहरूलाई लेखेको पत्रमा पावलले येशूलाई औंल्याउँदछन् जो सबै अन्धकारका शक्तिहरूभन्दा माथि हुनुहुन्छ (एफिसी १:२०-२३) र उहाँमा विश्वास गरेर चल्यो भने परमेश्वरले विश्वासीहरूलाई ती अन्धकारको शक्तिहरूसँग भिड्न शक्तिसम्पन्न गराउनुहुन्छ किनभने सैतानको शक्ति भन्दा परमेश्वरको बल सर्वोच्च छ (एफिसी २:१५-१९, एफिसी ३:१४-२१, एफिसी ६:१०-२०) ।

**चिन्तनमननः**

अ. **हाम्रो विश्वमा र तपाईंको जीवनमा कुन शक्ति वा अधिकारहरू चम्किरहेका छन्? ती शक्तिहरू आफैलाई कसरी प्रकट गरिरहेका छन्? उच्च स्थानमा रहनुभएको येशूलाई श्रद्धा र सम्मान गर्नुको सट्टा ती शक्तिहरूले विश्वासीहरूलाई कसरी भड्काइरहेकाछन् र आफूतिर आकर्षित गर्न खोजिरहेका छन्?**

आ. **"समय पूरा भएपछि" परमेश्वरले ख्रीष्टमा सबै थोकहरूलाई अधिनमा राख्नुहुनेछ भन्ने उहाँको योजनालाई पावलले भविष्यको आशा भनेर उल्लेख गर्दछन्। एफिसी १:१८,२:१२ र ४:४मा पावलले "आशा" भन्ने शब्दलाई कसरी प्रयोग गरेका छन्? त्यो आशा भविष्यको आशा हो भनेर उनले किन विश्वास गर्दछन्?**

इ. **देहायका पदहरूमा पावलले ख्रीष्टको आगमन भविष्यको महान् आशा भनेर कसरी औंल्याउँछन्? हेर्नुहोस्, एफिसी १:१३,१४, एफिसी १:२१, एफिसी २:७, एफिसी ४:३० र एफिसी ५:५। अहिले नै हाम्रो निम्ति त्यो आशाको अर्थ के छ?**

# कथा १

# परमेश्वरको महिमाको निम्ति छक्क पार्ने साहसिलो जीवन

## मिलान्का मनटेन्ग्रो



मेरी गर्भवती आमा छ महिनासम्म नियमित रुपमा स्वास्थ्य जाँचको निम्ति मोन्टेन्ग्रोको अस्पताल जान्थी। छ महिनासम्म डाक्टरले उनको शरीर ठिकै भएको देखेका थिए।

तर आमा र डाक्टरलाई एउटा कुरा थाहा थिएन। गर्भमा भएको सानो भोयाले गर्भाधान भएको २७ दिनदेखि नै शारीरिक खोटको विकाश गरेको थियो। उसको तल्लो भागको मेरुदण्ड उचित तवरले वृद्धि तवरले भइरहेको थिएन। उसको पछाडिको भागमा प्वाल थियो। उसको मेरुदण्डको एक भाग त्यस प्वालबाट निस्केको थियो। त्यसमा भएका नशाहरू बलुन जस्तै पोको भएको थियो। उसको जन्मजात स्पाइनल बिफिदा वा अपाङ्गको रोग लागेको थियो।

आमाको पेट ठूलो हुँदै थियो। उनी दोस्रो डाक्टरकहाँ जाँच्न गइन्। पेटमा भएको बच्चाको ढाडमा ६ इन्चको पोको बढेको उक्त डाक्टरले सुनाए। आमालाई अस्पतालमा भर्ना गरियो। बच्चाको भविष्य ठिक छैन भनेर डाक्टरले सरासर सुनाए। बालक जन्म्यो भने मर्नेछ वा जिन्दगीभर नराम्रोसँग अपाङ्ग हुनेछ त्यसकारण आमालाई राहत दिन गर्भपतन नै सुरक्षित उपाय हो भनेर डाक्टरले भने।

अर्को दिन शुक्रबार थियो। डाक्टरले अल्ट्रासाउन्ड गरे। उसका खुट्टाहरू नचलेको उनले देखे। बच्चा जन्मेपनि उसका खुट्टाहरू बेकारका हुनेछन् भन्ने डाक्टरको निश्कर्ष थियो।

अर्को दिन साबथ थियो। त्यो दिन विश्रामको दिन थियो, तर आमालाई विश्राम भएको थिएन। उनी दिनभरी रोइन्। अनि राति उनी थकान भइन् र तीनदिनपछि पहिलो पल्ट मस्त निन्द्रामा परिन्।

आइतबार उनी व्युझिन् र आफूले पाएको खबर केवल नराम्रो सपनामात्रै हो कि भनेर सोचिन्। तर थिएन, आफ्नो पेटमा रहेको बच्चाको

वास्तविकतालाई याद गर्दा उनी फेरि रोइन्। गहभरी आँशु पारेर उनले परमेश्वरसँग प्रार्थना गरिन्।

"हे प्रभु परमेश्वर तपाईं सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ। तपाईंले जे पनि गर्न सक्नुहुन्छ। मेरो भ्वयालाई जीवन दिनुभयो। जे भइरहेको छ सो तपाईंलाई सबै थाहा छ। यदि उसको मृत्युको निम्ति तपाईंले निर्णय गर्नुभयो भने यो मेरो लागि सजिलो हुनेछैन। तर म स्वीकार्नेछु। यो तपाईंकै इच्छा हो भने ममा शान्ति हुनेछ। यदि भ्वया जन्मिनै पर्छ भने उसलाई स्वस्थ बनाउनु होस्। तपाईंले जे निर्णय गर्नुहुन्छ सो म स्वीकार्नेछु। जेभएतापनि तपाईंको अनुमति बेगर केही नहोस्। प्रभु तपाईंकै नाउँमा उसको भविष्य तपाईंमै होस् भनि म पुकार्छु। आमेन," भनेर आफ्नो प्रार्थना टुङ्ग्याइन्।

प्रार्थनापछि आमामा शान्तिले भरियो। उनी शक्तिविहिन थिइन् र उनको आशा केवल परमेश्वरमामात्रै थियो। बच्चाको निम्ति जे असल हुन्छ सो परमेश्वरले गर्नुहुनेछ भनेर उनले विश्वास गरिन्। तर उनको निम्ति पर्खनु धेरै कठिन थियो।

आइतबार दिउँसोपख परमेश्वरले आशाको किरण दिनुभएको थियो। बच्चाको मूत्राशय भरिएको डाक्टले देखे। त्यसले गर्दा उसको शरीरमा केही न केहीले काम गरिरहेको डाक्टरले महसुस गरे। पछाडि ढाडमा जोखिम भएका बालबालिकाहरूमा प्रायजसो मूत्राशय खालि हुन्थ्यो।

अस्पतालमा भर्ना भएको दश दिनपछि आमा अस्पतालबाट घर फर्किन्। डाक्टरले यो भनेको अनुमान गरिन्, "उनलाई घर पठाउनु। परमेश्वरको इच्छा अनुसार जे हुनुपर्ने होस् सो होस्।"

छोटो समयमा नै आमा अस्पतालमा फर्किन्। भ्वयाका खुट्टाहरू चलेका थिए कि थिएन भनेर डाक्टरले हेर्न चाहेका थिए। अस्पताल जानुभन्दा बाबु र आमाले प्रार्थना गरेका थिए। अनि आमालाई जाँचेपछि त्यसको रिपोर्टको निम्ति तिनीहरूले प्रार्थना गरे।

डाक्टरले अल्ट्रासाउन्ड गरे। भ्वयाको खुट्टा हलचल भएको थियो। पाँच मिनेट बित्यो, दश मिनेट बित्यो, १५ मिनेट बित्यो। उसको खुट्टा चलेको थिए। आमा र बुबाले प्रार्थना गर्दै गरे।

"प्रभु, तपाईंको शक्ति फेरि देखाउनुहोस्। बच्चाको खुट्टा चलाएर हामीलाई सान्त्वना दिनुहोस्," आमाले प्रार्थना गरिन्।

२० मिनेट पछि बच्चाको दायाँ र बायाँको खुट्टा चल्न थाल्यो। आमा र बुबा अत्यन्तै खुशीले गडगड भए। अनि तिनीहरू मार्च २०को निम्ति घर फर्के। त्यो बच्चा जन्मिने दिन थियो।

बच्चा जन्मिने बेलामा मर्नेछ वा जन्मे पनि अपाङ्ग हुनेछ भनेर डाक्टरले तिनीहरूलाई सतर्क गरेका थिए। तर परमेश्वरले नै जीवन दिनुहुनेछ भनेर आमाले आशा राखेकि थिइन्। बच्चा नजन्मेसम्म आमाले प्रार्थना गर्दै रहिन्।

बच्चा जन्मिनुभन्दा अघि आमाले फेरि पनि प्रार्थना गरिन्, "प्रिय परमेश्वर, केही मिनेटमै बच्चा जन्मिनेछ। भ्वयालाई तपाईँले जीवन दिनुहुनेछ कि छैन भनेर केही बेरमै मैले थाहा पाउनेछु। तर उसलाई जीवन दिनुहोस् भनि म फेरि अनुरोध गर्दछु। तर मेरो इच्छा होइन तपाईँको इच्छा पूरा होस्। येशूको नाउँमा म तपाईँले धन्यवाद दिन्छु। आमेन।"

धेरै प्रसव पीडा नै नभएर बच्चाको जन्म छिट्टै भयो। परमेश्वरले आमालाई बल दिनुभएको थियो। जब भ्वया कराएको तब आमा आनन्दले मुस्कुराइन्।

बालको जीवन सजिलो थिएन। उसको धेरै जसो बालककाल डाक्टर र फिजिकल थेरापीमा बिताउन परेको थियो। तर बालक जीवित चमत्कार हो भनेर डाक्टरहरूले स्वीकारे। डाक्टरहरूले आशा मारेको त्यो सानो बालक अब हुर्केर ठुलो भएको थियो, अग्लो र बलियो किशोर भएर डगुर्न र उफ्रन सक्ने भएको थियो।

"भ्वयाको निम्ति परमेश्वरले चमत्कारै गर्नुभएको थियो। उ बाइकमा चढ्छ र अरू साथीहरूसँग फुटबल खेल्छ। उसका केही शारीरिक कष्ट भएको देखाएको छैन। मलाई र मेरो परिवारलाई गर्नुभएको सबै थोकको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु," उहाँप्रति आभारित भएर आमाले सुनाइन्।

आज सर्वियाको नोभी साडको हाइस्कुलमा भ्वया पढिरहेको छ।

**-आन्ड्र्यु मेकचेस्नी**